व्यवस्थापिका-संसद

विकास समिति

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १९५ को उपनियम ४ बमोजिमको मूल्यांकन प्रतिवेदन

१. विषय प्रवेश

राष्ट्रको विकास सामुहिक जवाफदेहिता, उत्तरदायित्व एवं अपनत्वको विषय हो । स्वभावैले भौतिक पूर्वाधारहरुको निर्माण गर्ने दायित्व कार्यपालिकाको हो तथापी व्यवस्थापिका एवं अन्य संवैधानिक निकायहरुको भूमिका समेत महत्वपूर्ण रहने गर्दछ । व्यवस्थापिका-संसदले सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेटका साथसाथै सम्बन्धित कानुनहरु पारित गर्दै देशको विकास निर्माणलाई गति प्रदान गरिरहेको नै हुन्छ । कार्यपालिकाका क्रियाकलापहरुमाथि सुक्ष्मरुपले सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गर्ने कार्य व्यवस्थापिका तथा मातहत समितिहरुले निरन्तर गरिरहन्छन् । लघु संसदको रुपमा रहने समितिहरुले सरकारले सम्पादन गर्ने कामको गुण दोष, आवश्यकता, औचित्यता, समय सापेक्षता एवं क्षमता समेतका आधारमा रही सम्पादन गर्नु पर्ने कामलाई मार्ग दर्शकको रुपमा निर्देशनहरु दिने र निर्देशनहरुका परिपालना भए नभएको परीक्षण गर्ने कार्यहरु समेत समितिको कार्यक्षेत्रको रुपमा रहेको हुन्छ ।

विकास समितिले आफ्नो कार्यक्षेत्रभित्र रही उल्लेखित सिद्धान्तहरुकै आधारमा सरकारलाई दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्था समितिले यसअघि पेश गरेको प्रतिवेदनहरुमा समीक्षाको रुपमा समावेश गरिएको छ । समितिले निर्देशन दिने क्रममा कार्यपालिकाका सम्बन्धित पदाधिकारीहरुको राय/सामर्थ्य समेत बुझ्ने गरेको छ । निर्देशनहरुलाई व्यवहारिक एवं यथार्थपरक बनाउन निरन्तर प्रयास गरिनै रहेको छ । यति हुँदाहुँदै पनि समग्र मूल्यांकनको दृष्टिमा निर्देशनहरुको कार्यान्वयनको पक्ष समान्य भन्दा माथि उठ्न सकेको देखिँदैन । सार्वभौमसत्ता सम्पन्न व्यवस्थापिका एवं मातहत समितिले दिएका निर्देशनहरु कार्यान्वयन नहुनु भनेको आम नागरिक प्रति उत्तरदायी नहुनु नै हो । साथै समितिका निर्णय कार्यान्वयनमा राज्यले देखाएको उदासिनता प्रति गहिरो प्रश्न खडा हुन गएको छ भने सरकार आफैंले प्रतिवद्धता जनाएका कुराहरु पनि कार्यान्वयन नहुँदा सरकारको कार्यक्षमता प्रति जनविश्वास घट्दै जाने निश्चित प्रायः छ । तसर्थ सरकारलाई संसद एवं मातहत समिति प्रति बढी उत्तरदायी बनाउन तथा दिइएका निर्देशनहरुको समयसीमाभित्रै कार्यान्वयन गर्न, गराउन, सरकारले समितिका निर्णय कार्यान्यन गर्ने क्रममा गरेका कामहरुको जानकारी संसदलाई गराई जवाफदेही बनाउनु यस मूल्यांकन प्रतिवेदनको लक्ष्य रहेको छ । यस मूल्यांकन प्रतिवेदनमा समितिले यसअघि प्रस्तुत गरेका प्रतिवेदनहरुमा उल्लेख भएका कुराहरु दोहोरिन जानु स्वभाविक भएकोले अन्यथा नलिन तथा व्यवस्थापिका-संसद नियमावली

२०७३ को नियम १९५ को उपनियम (४) बमोजिमको उद्देश्य प्राप्तिका लागि तयार गरिएको रुपमा बुझ्न समिति सम्बद्ध सबैलाई अनुरोध गर्दछ ।

२. पृष्ठभूमि

नेपालमा भएका हरेक राजनीतिक परिवर्तनको पछाडि विकास प्रमुख ध्येय तथा साध्यको रुपमा रहेको देखिन्छ । मुलुकले प्रजातन्त्र, लोकतन्त्र अनि गणतन्त्र प्राप्त गरिसक्दा पनि विकासले अपेक्षित गतिलिन नसकेको स्पष्ट छ । तसर्थ अहिलेको परिप्रेक्षमा राजनीति, राजनीतिका लागि भन्दा पनि देशको विकासका लागि केन्द्रीत हुन जरुरी छ । अव पनि राजनीतिलाई विकासमा केन्द्रीत गर्न नसके हामी धेरै पछि पर्ने सुनिश्चित नै छ । वि.सं. २०१३ सालदेखि हालसम्म विकास तथा पूर्वाधार निर्माणका लागि तेह्रौं आवधिक योजनाहरु कार्यान्वयन भइसकेको अवस्था छ । योजनावद्ध विकास प्रयासले ६ दशक पार गरिसक्दा पनि हामीले आर्थिक समुन्नतिको मार्ग फेला पार्न सकिरहेका छैनौँ । विकासका लागि ६० वर्ष थोरै समय होइन, यस अवधिमा खर्च भएको अर्बौं अर्बको बजेट पनि नेपाल जस्तो मुलुकका लागि कम महत्वपूर्ण थिएन । तर यत्तिका समय र स्रोत खर्च भएर पनि अपेक्षित विकास निर्माण हुन नसक्नु निश्चय नै दुर्भाग्यको कुरा हो । तसर्थ हालसम्म अपनाई आएका विकासका नीति/राणनीति, सिद्धान्त तथा प्रक्रियालाई समयानुकूल परिमार्जन गर्दै जान नसकेमा पुरानो परिणतिको पुनरावृत्ति मात्र हुने भएकाले यस्ता परिणामबाट शिक्षा लिंदै हाम्रा समग्र कार्यप्रणालीमा सुधार गर्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ । हालसम्म अपनाई आएका विकास सम्बन्धी सम्पूर्ण पक्षहरुको समीक्षा गर्दा झन्झटिलो एवं लामो कार्यप्रणाली, राजनीतिक अस्थिरता, प्राकृतिक वा मानवजन्य प्रकोप पश्चात्का पुनर्निर्माणमा देखिएका कटिवद्धविहीनता, आपसी समन्वय गरी काम गर्ने संस्कारको अभाव, कार्य अवरुद्धतामा असंवेदनशील कर्मचारीतन्त्र, पेशागत आचरणविहीन निर्माण व्यवसायी, विकासमा परनिर्भरता लगायतका विविध कारणहरु देखिन्छन् यिनलाई सम्बोधन नगरेसम्म अपेक्षित विकास हासिल हुन नसक्ने सुस्पष्टै छ ।

विकासलाई गति प्रदान गर्न, विकास निर्माणका काममा देखिएका वाधा व्यवधानहरु, अप्ठ्याराहरु निराकरण गरी आम नागरिकले महशुस हुने किसिमको दिगो विकासका पक्षमा पहरेदारी गर्नका लागि व्यवस्थापिका-संसद अन्तर्गतको यस समिति सक्रिय रही कार्यपालिकालाई सकारात्मक सहयोग गर्दै आएको छ । गरिवीको सघनता र दुश्चक्रबाट पार पाउन, स्रोत र साधनको समुचित तथा समानुपातिक वितरण गर्न वैदेशिक सहायता तथा ऋणको प्रभावकारी उपभोग गर्न, तथा विकासका लक्ष्यहरु हासिल गर्न सरकारले व्यवस्थापकीय रुपमा गर्नु पर्ने सुधारका लागि विकास समितिले निरन्तर रुपमा कार्य गर्दै आइरहेको छ ।

संसदीय शासन प्रणालीमा संसद जनप्रतिनिधिमूलक सर्वोच्च शक्तिशाली विधायिकी संस्थाको रुपमा रहेको हुन्छ । संसदले विधायिकी अधिकार प्रयोग गर्दै कार्यपालिकाको निर्माण तथा कार्यपालिका र न्यायपालिका माथि नियन्त्रण तथा सन्तुलन गर्दै विधिको शासन र सार्वजनिक उत्तरदायित्व कायम गर्ने

गराउने कार्य गर्दछ । संसदले कार्यपालिकाका कामकारवाहीमाथि सिंहावलोकन (Oversight) गर्दछ । सीमित स्रोत, साधन र जनशक्तिबाट सञ्चालित योजनाहरुमाथि सुक्ष्म रुपले अध्ययन, विश्लेषण एवं समीक्षा गर्ने कार्य चुनौती पूर्ण नै देखिन्छ । वैदेशिक लगानी तथा सहायताहरुबाट सञ्चालित ठूला आयोजनाहरु प्रभावकारी रुपमा सञ्चालन गर्न माननीय सदस्यहरुलाई प्रत्यक्ष सहभागी गराउने चलन नेपालमा खासै देखिंदैन । जसले गर्दा संसदको Oversight Function हुनुपर्ने जति प्रभावकारी हुन सकेको छैन । संसदको अभिन्न अंगको रुपमा वा Mini Parliament को रुपमा समितिको अवधारणा विकास भएको पाइन्छ ।

संसदीय काम कार्यबाहीको प्रभावकारिता बृद्धि गर्न र संसदको अमूल्य समयको बचत गर्ने उद्देश्यका साथ संसद भित्रबाटै संसदको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरु हुन् । विधायिकाले सम्पन्न गर्नुपर्ने गहन र जटिल कार्यहरु संसदको पूर्ण सदनमा हुने सीमित औपचारिक, छलफल र प्रश्न उत्तरबाट मात्र पुरा हुन सक्दैनन् । तसर्थ संसदबाट सम्पन्न हुने कार्यहरुलाई प्रभावकारी एवं अर्थपूर्ण बनाई जीवन्त राख्न तथा संसदको कार्य बोझलाई कम गर्न संसदको मौलिक भूमिकामा असर नपर्ने गरी व्यवस्थापिका संसदमा विभिन्न संसदीय समितिहरु गठन भएका हुन्छन् । यी समितिहरु संसदको Helping Hands को रुपमा रहेका हुन्छन् । समितिमा व्यापक र विस्तृत छलफल हुने, दलीय ह्विप नलाग्ने, विशेषज्ञहरुको उपस्थितिका आधारमा सामूहिकरुपमा छलफल तथा बहस भै निष्कर्षमा पुग्न सकिने हुँदा यसलाई व्यवस्थापिकाको वास्तविक कार्यशाला Workshop of Parliament पनि भनिन्छ ।

संसदीय समितिहरु जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकाय भएकोले देशको वास्तविक अवस्था, जनताको माग एवं आवश्यकता, विकास निर्माणको अवस्था आदिका बारेमा प्रत्यक्ष सम्बन्धित रहेका हुन्छन् । जनताको माग एवं आवश्यकतालाई सम्बोधन गर्न कुन-कुन स्थानमा के कस्ता विकास निर्माणका आयोजनाहरु सञ्चालन गर्न आवश्यक छ ? त्यहाँ सञ्चालन भइरहेका आयोजनाहरुको अवस्था कस्तो रहेको छ ? भन्ने कुराको बारेमा नियमित अनुगमन हुने हुँदा विकास निर्माणका कार्यहरुमा प्रभावकारिता ल्याउन संसदीय समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । संसदका समितिहरुमा देशका हिमाल, पहाड र तराई/मधेश सबै क्षेत्रका जनप्रतिनिधिहरुको सहभागिता रहने हुँदा यहाँबाट गरिने छलफल, विषयको उठान आदि कुराहरु देशका सबै क्षेत्र, वर्ग, समुदायसँग सम्बन्धित रहने भएकोले समितिको छलफल, बैठक तथा निर्देशनहरुबाट देशको समानुपातिक तथा सन्तुलित विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ । व्यवस्थापिका-संसदका समितिहरुमा संसदको प्रभावकारिता अभिवृद्धि गर्ने, कार्यपालिकाबाट सम्पादन हुने कार्यको वृहत अनुगमन गर्ने, अनियमित कार्यको लेखाजोखा, छानवीन, अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, सरकारले दायित्वपूर्ण ढंगबाट कार्य सम्पादन गरेको छ छैन हेर्ने तथा विधि

निर्माणको काममा संसदलाई बढीभन्दा बढी प्रभावकारी बनाउने जस्ता महत्वपूर्ण भूमिका रहेको हुन्छ । संसदका समितिहरुमा छलफल हुने विषयहरुलाई बढी तथ्य तथ्यांङ्क र वास्तविकताका आधारमा छलफल गरी निष्कर्षमा पुग्न, जटिलभन्दा जटिल विषयहरुमा सम्बन्धित विषयका विशेषज्ञहरुसँग विचार विमर्श गरी परामर्श लिन सकिने तथा खास विषयमा विचार विमर्श राख्न चाहने प्रत्येक राजनीतिक दलका सांसदहरुको उपस्थिति गराई छलफल गरी प्राप्त निष्कर्षका आधारमा सरकारलाई निर्देशन प्रदान गरिने प्रचलन अनुसार संसदको यस समितिले सार्वजनिक विकासको प्रभावकारिता र देशको समग्र विकास व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

३. भौतिक पूर्वाधार निर्माणमा समितिको सक्रियता :

व्यवस्थापिका-संसदको यस विकास समितिले झन्डै २ वर्षदेखि नेपालमा भएको विकास निर्माण प्रक्रियालाई नजिकबाट नियाँल्दै आइरहेको छ । समितिको प्रमुख उद्देश्य देशको समग्र विकासमा योगदान पुऱ्याउनु नै हो । समितिले राष्ट्रिय गौरवका आयोजनाहरु, उत्तर-दक्षिण करिडोर, मेलम्ची खानेपानी आयोजना, काठमाडौँ-तराई Fast Track, निजगढ विमानस्थल, कर्णाली करिडोर, भूकम्पपछिको पुनर्निर्माण, हुलाकी राजमार्ग तथा भौतिक पूर्वाधारको क्षेत्रमा खास गरी मध्यकालीन तथा दीर्घकालिन विकास आधारशीलाहरुमा गहिरो चासो राख्दै आइरहेको छ । साथै समितिले भौतिक पूर्वाधारको विकास निर्माणसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयनलाई गति दिने विविध कामकारवाही गरेको सर्वविदितै छ ।

समितिको अपेक्षा अनुरुप काम हुन नसके पनि राष्ट्रिय महत्वका आयोजनाहरु हाम्रा निर्देशनहरुबाट अवश्य पनि चलायमान भएका छन् । समितिले विकास निर्माणसँग सम्बन्धित आयोजनाहरुका बारेमा बैठक बसेर छलफल मात्र चलाइएको छैन, अवरुद्ध भएका पूर्वाधार विकासका कार्यहरुलाई स्थलगत अवलोकन गरी निर्माण प्रक्रिया आगडि बढ्न नसक्नुका कारण तथा सत्य तथ्य पहिचान गरी त्यसलाई समाधान गर्न चाल्नु पर्ने कदम समेत पहिल्याएर सरकारलाई आवश्यक सुझाव तथा निर्देशन दिदै आएको छ । पछिल्लो समय देशको दक्षिणी नाकामा अवरोधको सामना गर्नु परेपछि उत्तर तर्फको नाका सञ्चालन गर्ने सन्दर्भमा समितिले विशेष पहल गरेको थियो । जसको फलस्वरुप मैलुङ्ग-स्याफ्रुवेशी सडक-खण्ड र जोमसोम-कोरला नाकाको स्तरोन्नतिको कार्यले गति प्राप्त गरेको छ । त्यसैगरी सार्वजनिक यातायातको सहज व्यवस्थापन गर्ने सम्बन्धमा, वंगलादेश, भुटान, भारत र नेपालबीच भएको BBIN Transport Network संरचना निर्माण गर्ने सम्बन्धमा, निर्वाचन क्षेत्र विकासकोष अर्न्तगत रहेका विभिन्न परियोजनाहरुको कार्य प्रगति सम्बन्धमा, भूकम्प पश्चात्को पुनर्निर्माण सम्बन्धमा, उर्जा संकटलाई दीर्घकालीन रुपमा समाधान गर्ने सम्बन्धमा, सहरी सार्वजनिक यातायात र प्रदुषण व्यवस्थापन सम्बन्धमा, स्रोत र साधनको उपयुक्त परिचालन सम्बन्धमा, सूचना प्रविधिको क्षेत्रमा आएका परिवर्तनहरु र आम जनताका उपभोगका सम्बन्धमा, अति विकट तथा दुर्गम क्षेत्रहरुमा सूचना प्रविधिको विस्तार तथा

सञ्चार उपभोगको दायरा फराकिलो बनाउने सम्बन्धमा, कलाकारहरुको रोयल्टी वितरण तथा श्रमजीवी पत्रकार हकहित सम्बन्धमा, व्यवस्थित सहरी विकास सम्बन्धमा, मेलम्ची खानेपानी आयोजनाका सम्बन्धमा, विकास निर्माणमा देखिएका विभिन्न चुनौतीहरु खास गरी जग्गाप्राप्ती, वातावरणीय प्रभाव मूल्याङ्कन, विभिन्न निकायगत तथा मन्त्रालयगत समन्वयका विषयमा समितिको यो आर्थिक वर्ष (दोस्रो प्रतिवेदनको कालखण्ड आ.व.२०७२/७३)मा समिति विशेष सक्रिय रहेको थियो । यस अवधिमा योजनाहरुका व्यवहारिक कठिनाईहरु के कस्ता रहेछन् भन्ने सन्दर्भमा समितिले विभिन्न आयोजनाहरुको स्थलगत अध्ययन, अवलोकन भ्रमण गरी विद्यमान समस्याहरुको पहिचान गर्ने तथा समाधानका लागि आवश्यक सुझावहरु दिने लगायतका कामहरु समेत सम्पन्न गरेको छ ।

समितिले आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही खास गरी देहाय बमोजिमका कार्यहरु गर्दै आएको छ :

१. समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय, विभाग र अन्तरगतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचलन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ,
२. समितिले मन्त्रालय, विभाग र अन्तरगतका निकायहरुको राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वर्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
३. मन्त्रिपरिषद्का सदस्यहरुले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवदेन पेश गर्ने ,
४. समितिको विषयसँग सम्बन्धित सरकारी निकयाको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
५. सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारवाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
६. सरकारद्वारा समय -समयमा गठन हुने छानबिन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
७. मन्त्रालय, विभाग र अन्य निकायहरुबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
८. व्यवस्थापिका-संसदले सुम्पेका अन्य कार्य गर्ने आदि ।

४. विकासका अवरोध एवं चुनौतीहरुः

विकास समितिले हालसम्म व्यवस्थापिका-संसदमा दुई ओटा वार्षिक प्रतिवेदन पेश गरिसकेको छ । प्रस्तुत गरिएका प्रतिवेदनहरुमा विकासले गति लिन नसकेका कारणहरु तथा समाधानका उपायहरुसमेत प्रस्तुत गरिएको छ । व्यवस्थापिका-संसदमा समितिका प्रतिवदेनहरु प्रस्तुत भइसके पश्चात् समेत व्यवस्थापिका-संसद नियमावली बमोजिम सम्बन्धित निकायले उक्त प्रतिवेदनलाई कार्यान्वयनमा लैजानु पर्नेमा सम्बन्धित निकायले कार्यान्वयन प्रति उल्लेख्य भूमिका निर्वाह गर्न नसकेको समितिको ठहर छ । उल्लेखित प्रतिवदेनहरुमा विकास नहुनुका मुख्य कारणहरु तथा चुनौतिहरुलाई देहाय बमोजिम उल्लेख गरिएको थियो ।

- देशमा राजनीतिक अस्थिरता कायम रहनु,
- भूकम्पपश्चात्को पुनर्निर्माणले गति लिन नसक्नु,
- मधेश आन्दोलन तथा नाकावन्दीको असर,
- प्रतिस्पर्धात्मक क्षमताको कमी र परनिर्भरता,
- कानुनले निषेध गर्दागर्दै पनि कर्मचारीतन्त्र भित्रको अति राजनीतिकरण
- अनियन्त्रित भ्रष्टाचार,
- अन्तरमन्त्रालयगत समन्वयको अभाव,
- पर्याप्त गृहकार्य विना विकास आयोजनाहरु छनौट गरिनु,
- अनुगमन र मूल्याङ्कनमा सार्थकताको अभाव,
- झन्झटिलो खरिद प्रक्रिया,
- निर्माण व्यवसायीहरुबीच अस्वस्थ र अस्वभाविक प्रतिस्पर्धा,
- यातायात एवं विकास निर्माणसँग सम्बन्धित विभिन्न पक्षहरुमा अदृश्य एवं अस्वभाविक सिन्डिकेट,
- जग्गाको मूल्यमा भएको निरन्तर हुने बृद्धि र भूमाफियाहरुको चलखेल,
- परनिर्भर अर्थतन्त्र,
- संवैधानिक निकायहरुमा विकासमैत्री संवेदनशीलताको अभाव,
- विकास निर्माणमा अत्याधुनिक प्रविधिको प्रयोग हुन नसक्नु (मेलम्ची खानेपानीका लागि Tunnel Boring Machine प्रविधिको प्रयोग नहुनु, भूकम्पपश्चात् पनि ढलान काट्ने मेसिन खरिद गर्ने प्रकृयामा सरकार उदासीन देखिनु आदि)
- विगतमा भोगेका कुनै पनि गम्भीर समस्याबाट पाठ सिक्न नसक्नु (नाकावन्दी, भूकम्प)
- स्थानीय स्तरमा जनप्रतिनिधिहरु विहीनता,

- कार्यसम्पादन सम्झौता गर्दागर्दै पनि बिना कारण आयोजना प्रमुखको बेला कुवेलामा सरुवा हुनु,
- जोखिम उठाउने प्रवृत्तिको कमी,
- परिणामभन्दा प्रक्रियामुखी विकास निर्माण परंपरा,
- ठेक्का विक्री वा उपठेक्का गर्ने प्रचलन,
- Need Assessment बेगर परियोजनाको छनोट गरिनु
- देशमा पूर्वाधार विकासको लागि Minimum Standard Guideline को सर्वथा अभाव हुनु,
- संस्थागत संरचना र मानव स्रोतमा सामयिक सुधार गर्न नसक्नु,
- जिम्मेवार तहमा सामुहिक तत्परता एवं लज्जाबोधको अभाव
- समयमा नै परामर्शदाताको छनोट हुन नसक्नु, परामर्शदाताको दायित्वमा कढाई नरहनु ।
- नेपालको विद्यमान विकाससँग सम्बन्धित पक्षहरुमा परियोजना कार्यान्वयनको क्षमता नहुनु र क्षमता वृद्धिको लागि खासै पहल नहुनु,
- विकासप्रतिको दृढ आत्मविश्वास तथा ईच्छाशक्तिको सर्वथा अभाव आदि ।

त्यसैगरी विकासलाई तिव्रता दिन तत्काल चाल्नु पर्ने कदमहरुका बारेमा समेत प्रस्तुत प्रतिवेदनहरुमा विस्तृत रुपमा उल्लेख गरिएको थियो । तथापि कार्यान्वयन गर्ने सम्बन्धित निकायले गम्भीरतापूर्वक ध्यान दिन नसकेको निष्कर्ष समितिको रहेको छ । मूलतः उल्लेखित प्रतिवेदनहरुमा देहायका विषयवस्तुहरुलाई सम्बोधन गर्न सिफारिस गरिएको थियो :-

- विकासका लागि अत्यधिक रुपमा बाह्य श्रोत तथा दातामा निर्भर अर्थतन्त्रमा बसेर मध्यकालीन तथा दीर्घकालीन योजनाहरुको कार्यान्वयन गर्ने सिलसीलामा बान्छित उपलब्धि हासिल गर्नु निश्चय नै गाह्रो कुरा हो यद्यपि देश भित्रकै स्रोत लगानी हुन नसकेर वैंकिङ्ग क्षेत्रमा व्यापक तरलता समेत देखिने गरेको छ । पूँजीको गतिशीलताले उत्पादकत्व बढाउने अर्थशास्त्रको सिद्धान्त नै हो । बैंकमा तरलता बढ्नु, ब्याजदर घट्नु लगानीका वातावरण खासै नदेखिएको र क्रमशः खाडीकेन्द्रित रेमिट्यान्समा समेत क्रमशः गिरावट आउँदै गरेको सन्दर्भमा देशमा कसरी लगानी मैत्री वातावरण बनाउने भनेर सरकार गम्भीर हुनु पर्ने,
- आधारभूतरुपमा नै विकासप्रति राजनीतिक दलहरुको साझा प्रतिवद्धता, समझदारी कायम हुनु पर्ने,
- सरकार परिवर्तनपश्चात् पनि पूर्व निर्धारित विकास आयोजनाहरुलाई उही गति र प्राथमिकतामा कार्यान्वयन गरिनु पर्ने,
- देशभित्रै उपलब्ध पूँजी, आर्थिक स्रोत, जनशक्ति एवं आधुनिक प्रविधिको प्रयोग गरी आयोजनाहरुको कार्यान्वयन हुन सक्ने मोडेल बनाउनु पर्ने,

- समग्र कर्मचारीतन्त्रलाई विकास केन्द्रित गराई परिचालन गर्ने, कार्य सम्पादन मूल्याङ्कन समेतमा त्यस्तो संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने,
- आम नागरिकहरुले पनि राजनीतिक दलहरुलाई विकास केन्द्रित दवाव दिनु पर्ने । विकास निर्माण कार्यक्रमहरुका व्यवधानहरु हटाई सफलताका साथ सम्पन्न गर्न स्थानीय रुपमा आम नागरिकहरुले चासो राखी सहयोग गर्ने वातावरण बनाउन स्थानीयलाई लाभग्राही बनाउने प्रावधानहरुको व्यवस्था गरी कार्यन्वयन अघि बढाइनु पर्ने,
- ग्रामीण आय आर्जनका विविध पाटाहरु सुदृढ गर्ने र शहरी रोजगारीका लागि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनात्मक उद्योग सञ्चालन गरी यूवा वर्गलाई स्वदेशमै रोजगार बनाई राष्ट्रिय आय वृद्धि गर्ने,
- दुर्गम क्षेत्रहरुका जिल्ला सदरमुकाम समेतमा २ लेन सडक पुऱ्याई स्थानगत जडिबुटी, फलफूल तरकारी व्यापार प्रोत्साहित गरी प्राकृतिक तथा धार्मिक पर्यटन प्रवर्द्धन गर्ने,
- समानान्तर शक्ति केन्द्रका रुपमा रहेका दृश्य अदृश्य सम्पूर्ण सिन्डिकेटहरुलाई अन्त्य गरिनु पर्ने, सो का लागि सरकार मोलाहिजा र पूर्वाग्रहरहित भई कठोर रुपमा प्रस्तुत हुनु पर्ने,
- जग्गा प्राप्ती विकास निर्माणको असाध्यै बाधक तत्वको रुपमा रहेको छ । कुनै आयोजना कार्यान्वयन हुने भयो भने सम्बन्धित स्थानको जग्गाको मूल्य एकैचोटी आकासिने, मुआब्जा वितरण गर्दा आयोजनाको पूँजी धेरै खर्च हुने तथा लागत समेत बढ्न जाने जटिल समस्या समाधान गर्न सरकारले निश्चित सूचकहरुको आधारमा हरेक ठाउँको जग्गाको मूल्याङ्कन गर्नु पर्ने र सोही मूल्याङ्कनका आधारमा खरिद विक्री एवं मुआब्जा बितरण तथा जग्गा प्राप्तीको कार्य गर्नु पर्ने,
- विकास आयोजनाहरुमा सांसदहरुलाई खासै सहभागी नगराइने भएकोले विकास निर्माणका स्थानीय समस्याहरुको समाधान गर्न, स्थानीय स्वामित्व अभिवृद्धि गर्न तथा जिम्मेवारी वृद्धि गर्न विकास आयोजना/परियोजनाहरुमा सांसदहरुको सहभागितालाई सुनिश्चित गरिनु पर्ने,
- भौगोलिक रुपमा उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्नु पर्ने,
- स्रोत र साधनको समुचित प्रयोग गरिनु पर्ने,
- निर्णय प्रक्रिया एकद्वार प्रणालीबाट हुनु पर्ने,
- आयोजनाहरुलाई कार्यान्वयन पूर्व पूरा गर्नुपर्ने सम्पूर्ण पक्षहरु जस्तैः जग्गा प्राप्ती, रुख कटान, स्थानीय स्तरमा देखिने समस्याहरु सम्बोधन गरेर मात्र कार्यान्वयनमा लैजानु पर्ने,
- राष्ट्रिय महत्वका परियोजनाहरुलाई सामुहिक तत्परताका साथ कार्यसम्पादन गरिनु पर्ने,
- परियोजनाका ठेक्काहरु निर्माण व्यवसायीहरुबीच नै खरिद विक्री गर्ने प्रचलनलाई कानुनी रुपमै नियन्त्रण गरिनु पर्ने,
- स्थानीय स्तरमा जनप्रतिनिधिहरुको अभावलाई पूरा गर्न छिटो भन्दा छिटो निर्वाचन गराइनु पर्ने,

- कर्मचारीतन्त्रको क्षमता बृद्धि गरी गुणस्तरीय कार्य सम्पादनमा ध्यान दिनु पर्ने,
- केन्द्रस्थित आयोजना केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिले शीघ्र निर्णय दिने र सोको तुरुन्तै कार्यान्वयन गर्ने परिपाटी अख्तियार गर्ने,
- वन, वातावरण र अन्य निकायसँग सम्बन्धित आयोजनाहरु तर्जुमाको क्रममा नै समन्वय कायम गर्ने,
- आयोजना सम्बद्ध समुदायलाई प्रारम्भ पूर्व नै लाभहरुबारे आश्वस्त तुल्याउने,
- केन्द्रीय तथा स्थानीय अन्तरनिकायगत समन्वय कायम राख्नु पर्ने,
- समयमा नै परामर्शदाताको छनौट गरी समयवद्ध दायित्व तोक्ने गरिनु पर्ने,
- विगतका भोगाइहरुबाट पाठ सिक्दै देश विकासमा जनसाझेदारी बढाई देशबासी आफै सक्रिय हुनु पर्ने,
- काम गर्नु पूर्व नै अनियमितताको आशंका गरी परियोजना कार्यान्वयन अवरुद्ध गरिनु भन्दा काम सकेपछि अनियमितता गर्नेहरुलाई कानुन बमोजिम दण्ड सजाय गर्नु पर्ने,
- निर्माण व्यवसायी जिम्मेवार हुनु पर्ने तथा समयावधि तोकी दिगो निर्माण सुनिश्चित गर्ने ।

५. समितिका निर्देशन/सुझाव/निर्णयहरुको कार्यान्वयनको अवस्था

व्यवस्थापिका-संसदको विकास समितिको हालसम्म (मिति २०७३।०८।१० सम्म) १०४ वटा बैठक सम्पन्न भएका छन् । समितिले आफ्नो कार्यक्षेत्रभित्र रही भौतिक पूर्वाधारका सम्बन्धमा थुप्रै निर्देशनहरु कार्यान्वयनका लागि निर्णयअनुसार सम्बन्धित निकायमा पठाइसकिएको अवस्था रहेको छ । स्याना मसिना कुराहरुको पनि समन्वयको अभावमा विकासले न्यूनतम गतिसमेत लिन नसकेको विद्यमान परिस्थितिलाई समेत मध्यनजर गरी निर्देशन दिनु पर्ने अवस्थाका कारण निर्देशनहरुको संख्यात्मक विवरण अलि बढी देखिएता पनि दीर्घकालीन विकास सम्बन्धी अवधारणा लगायतका अधिकांश विषयवस्तुसँग सम्बन्धित निर्णय/निर्देशनहरु गुणस्तरीय तथा दूरगामी प्रभाव राख्ने खालका समेत रहेका छन् ।

निर्णय/निर्देशन कार्यान्वयनले तिब्रता पाओस, सरकारको आर्थिक, पुँजीगत, प्राविधिक, जनशक्ति लगायतका विभिन्न पक्षहरुले समेत धान्न सक्ने खालको होस् भन्ने उद्देश्यले समितिका बैठकहरुमा निर्देशन/निर्णयलाई पारित गरिनु पूर्व उक्त निर्देशन/निर्णयहरुका सन्दर्भमा सम्बन्धित पदाधिकारीहरु (मन्त्री, सचिव लगायतका सम्बन्धित पदाधिकारीहरु) सँग विस्तृत छलफल गरिने गरिएको छ । यसरी पारदर्शीरुपमा कार्यान्वयन गर्ने अंगलाई समेत सहभागी बनाई गरिने निर्णय/दिइने निर्देशनहरुको कार्यान्वयनको अवस्था सतप्रतिशत हुनु पर्ने हो यद्यपी त्यस्तो अवस्था सृजना भइसकेको छैन । समितिको मूल्यांकनमा सामान्य सन्तोष गर्ने अवस्था भन्दा अलिकति बढी मात्र पनि निर्णय कार्यान्वयनको अवस्था छैन । तसर्थ व्यवस्थापिका-संसद नियमावली, २०७३ को व्यवस्था बमोजिम कार्यान्वयनको पक्षलाई

तिब्रता दिन, प्रतिवेदनहरुमा उल्लेख गरिएका समस्या तथा चुनौतीहरुलाई समाधान गर्न तथा सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गरी निर्णय कार्यान्वयनको यथार्थ विवरण सम्मानित सदनलाई जानकारी गराउँने उद्देश्यले थप यो मूल्यांकन प्रतिवेदन पेश गरिएको छ ।

समितिका निर्देशन तथा निर्णयहरु कार्यान्वयनको अवस्थाका सम्बन्धमा यही मंसिर १ गते विकास समितिले एक पत्रकार सम्मेलन गरी वस्तुस्थिति सार्वजनिक गरिसकेको अवस्था छ । यस प्रतिवेदनमा विकास समितिका सम्पूर्ण निर्देशन तथा निर्णयहरुको कार्यान्वयनको अवस्था उल्लेख गरिएको छैन । राष्ट्रिय महत्वका भौतिक पूर्वाधारहरुका निर्माण तथा दूरगामी महत्वका निर्देशन तथा निर्णयहरुलाई मात्र समावेश गरी सम्बन्धित पक्षको ध्यानाकर्षण गर्न खोजिएको छ । साथै सकेसम्म विभागीय क्षेत्रानुसार निर्देशन/निर्णयहरुलाई बुँदागत रुपमा वर्गीकरण गर्ने प्रयास गरिएको छ । जुन बर्गीकरणले सम्बन्धित कार्यक्षेत्र भएको मन्त्रालयलाई ध्यान केन्द्रित/सम्बोधन गर्न सहज हुने अपेक्षा समितिको रहेको छ । तल उल्लेखित विषयवस्तुहरु सम्बोधन गर्न सम्बद्ध मन्त्रालय/निकायहरुबिच आपसी समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी शीर्षक ५.१ को सि.नं. १ लगायतका उल्लेखित विषयवस्तुहरुका सम्बन्धमा समिति सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउँदै सो सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन हुने अपेक्षा समेत गर्दछ ।

दीर्घकालिन भौतिक पूर्वाधार विकासका सम्बन्धमा दिइएका प्रमुख निर्देशनहरुको मूल्यांकन विवरण देहाय अनुसार रहेका छन् :-

५.१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित निर्देशनहरु

सि.नं	निर्देशन तथा निर्णयहरु	कार्यान्वयनको अवस्था	कार्यान्वयनको मूल्यांकन
१	यसै प्रतिवेदनको शीर्षक नं. ४ मा उल्लेखित **'विकासका अवरोध एवं चुनौतीहरुका सम्बन्धमा समितिले सुझव सहित विभिन्न निर्देशनहरु दिएको सम्बन्धमा '**	• बुँदा नं ४ मा उल्लेख गरिएका विषय वस्तुहरु समाधान गर्न सके भौतिक पूर्वाधारको विकासमा उल्लेख्य प्रगति हुने सुनिश्चित छ । उल्लेखित समस्याहरु समाधान गर्ने तर्फ सम्बन्धित निकायले प्रतिवद्दता जनाएता पनि महशुस हुन सक्ने गरी कुनै पनि काम नभएको ।	प्रतिवद्धता अनुरुप कुनै पनि काम नभएको ।
२	भूकम्प मैत्री भौतिक पूर्वाधार निर्माण सम्बन्धमा	• नेपाल प्राकृतिक प्रकोप जोखिमयुक्त मुलुक भएकोले र वैशाख १२ को भूकम्पले समेत भूकम्प मैत्री भौतिक पूर्वाधारको निर्माण गर्नु पर्ने देखिएकोले सो सम्बन्धमा समितिको निर्देशन कार्यान्वयन गर्ने क्रममा भवन निर्माण संहिता बाहेक खासै केही उपलब्धी नदेखिएको ।	भवन निर्माण संहिता बाहेका कुनै पनि काम नभएको ।
३	हुलाकी राजमार्ग निर्माणका लागि विकास समितिले समय समयमा बैठक, अन्तरक्रिया र स्थलगत अवलोकन गरी दिएका निर्देशन सम्बन्धमा	• नेपाल सरकारबाट हुलाकी राजमार्ग निर्माणका लागि पहिलो चरण अन्तरगतको निर्माण कार्य समितिकै निर्देशन अनुसार नयाँ ठेक्का सम्झौता सम्पन्न, वार्षिक बजेट तथा नीति कार्यक्रममा समावेश गरी निर्माण कार्यको थालनी भैरहेको छ भने दोस्रो चरण अन्तरगतको सडक निर्माणको लागि हाल राष्ट्रको प्रमुख एजेण्डाको रुपमा रही प्रधानमन्त्रीको भारत भ्रमणमा समेत उच्च प्राथमिकतामा रहेको देखिएको ।	समितिको Spirit अनुसार कार्य सम्पादन हुन नसकेको ।
४	• उत्तरी नाका जोड्ने सडकहरुको स्तरोन्नति तथा निर्माण गर्न समितिले दिएको निर्देशनका सम्बन्धमा • रसुवागढी नाकाको सुख्खा बन्दरगाह निर्माण गर्ने सम्बन्धमा	• यसको लागि सरकारले उच्च प्राथमिकताका साथ नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफुबेसी सडक, पोखरा-बेनी-जोमसोम-कोराला खण्डको सडक आगामी दुई वर्षभित्रमा तयार गरी सकिने कार्यक्रम रहेको, रिडी-बागलुङ्ग-बेनी-जोमसोम सडकलाई डेडिकेटेड डवल लेन स्तरमा सम्पन्न गर्ने लक्ष्य सहितको कार्यक्रम नेपाल सरकारले समावेश गरेको, यसैगरी यस्ता आयोजनाहरुलाई समयमा सम्पन्न गर्नको लागि बहुवर्षीय ठेक्का	• अनुभूत हुने गरी कामले गति लिन नसकेको । • कच्चा पदार्थको अभावमा थुप्रै आयोजनाहरु अलपत्र भएको । • विकास निर्माणका परियोजनाहरुमा

	• भौतिक पूर्वाधार निर्माणका लागि कुनै पनि कारणबाट कच्चा पदार्थको अभाव हुन नदिने सम्बन्धमा • आवश्यक विस्फोटक पदार्थ उपलब्ध गराउने सम्बन्धमा	प्रणालीमा जाने कार्य समितिकै निर्देशन अनुसार भएका देखिएको । • रसुवागढी नाकाको सुख्खा बन्दरगाह निर्माण गर्ने सम्बन्धमा कार्यप्रगति शुन्य प्रायः रहेको । • क्रसर उद्योग सम्बन्धी नीतिमा देखिएको अस्पष्टता, आवश्यकता बमोजिम कच्चा पदार्थको उत्पादन हुन नसकेको देखिएको तथा पक्रियागत झन्झट कायम रहेको देखिन आएको । • विकास निर्माणका काममा आवश्यक पर्ने विस्फोटक पदार्थ सहजरुपमा अझै पनि उपलब्ध हुन नसकेको । खास गरी सडक विभागले विस्फोटक पदार्थको अभावमा कामले गति लिन नसकेको भनेको ।	विस्फोटक पदार्थको सहज उपलब्धता हुन नसकेको ।
५	नेपालमा रेल सेवको विस्तार गर्ने सम्बन्धमा समितिले दिएको निर्देशन	• नेपाल सरकारले आ.व २०७३/०७४को बजेटमा रसुवागढी-काठमाडौँ-लुम्बिनी रेलमार्गको विस्तृत प्रतिवेदन तयार गर्ने कार्य भएको पाइएको ।	निर्माण कार्य अगाडि बढ्न नसकेको ।
६	मध्य पहाडि लोकमार्ग, कान्ती लोकमार्ग समयमा सम्पन्न गर्नको लागि समितिले दिएको निर्देशन	• मध्यपहाडि लोकमार्गको कार्य हालसम्म मात्र ७५ प्रतिशत पूरा भइसकेको, कान्ति लोकमार्ग डवललेनमा निर्माण गर्ने सम्बन्धमा समितिले सम्बन्धित मन्त्री, सचिव, सरोकारवाला निकाय लगायत सबैसँग बारम्बारको छलफल र निर्देशन, प्रयास र समन्वयमा भएको देखिएको ।	कामले तीव्रता लिन नसकेको ।
७	सडक सुरक्षा कायम गर्न र सवारी साधनमा हाई सेक्युरिटी इम्बोस नं. प्लेट प्रयोग गर्ने सम्बन्धमा समितिको निर्देशन	• नेपाल सरकारबाट सडकमा गुड्ने सबारी साधन उपयुक्त भए नभएको नियमित परीक्षण गर्नका लागि प्रत्येक प्रदेशमा Vehicle Fitness Testing Center स्थापना गर्नको लागि बजेट विनियोजन भई कार्य प्रारम्भ भएको छ भने Security Emboss Number Plate प्रयोग गर्ने सम्बन्धमा नेपाल सरकारबाट कार्यक्रम थालनी भइसकेको भनिएको ।	खासै काम नभएको ।
८	त्रिपुरेश्वर-नागढुङ्गा, दक्षिणकाली सडक विस्तारका लागि समितिले दिएको निर्देशनका सम्बन्धमा	• यी सडक खण्डको विस्तार गर्ने कार्यमा स्थानीय समस्याहरुको समेत सम्बोधन गरी निर्माण कार्य अगाडि बढाउन समितिले महत्वपूर्ण भूमिका खेलेको हाल पुनः त्रिपुरेश्वर-नागढुङ्गा सडक खण्ड केही स्थानीयहरुको उजुरी मार्फत सर्वोच्च अदालतबाट निर्माण कार्य स्थगन गर्न आदेश भएको, पुनः समितिले सम्बन्धित सरोकारवालालाई बोलाई सबै पक्षहरुसँग आपसी समन्वय र छलफल मार्फत निर्माणकार्य अगाडि बढाउन निर्देश गरेको ।	कामले तिव्रता पाउन नसकेको ।

९	काठमाडौँ उपत्यकाको चक्रपथ भित्रका सबै सडकहरुको बिस्तार तथा स्तरोन्नति गर्न र बाहिरी चक्रपथ निर्माणका लागि समितिले दिएका निर्देशनको सम्बन्धमा	• उपत्यका भित्रका मुख्य सडकहरुको बिस्तार गर्ने कार्य नियमित रुपमा भैराखेको, समय समयमा स्थानीय स्तरमा आउने अवरोधहरुलाई समितिले बैठक राखी आवश्यक समन्वय र सहजीकरणको कार्य मार्फत समस्याहरुको समाधान गर्दै आएको, चक्रपथभित्रका सबै सडकहरु यसै आर्थिक वर्षभित्र कालोपत्रे गरिसक्ने गरी सरकारले आफ्नो नीति तथा कार्यक्रम मार्फत घोषणा गरी आवश्यक बजेट बिनियोजन सहित कार्य प्रारम्भ भइसकेको, बाहिरी चक्रपथ निर्माणको लागि आवश्यक तयारीको थालनी भइसकेको भनिएको ।	नीति तथा कार्यक्रम मार्फत घोषणा भए अनुसार समयमा नै कार्य सम्पन्न हुन सक्ने नदेखिएको, कामले आशातीत तिव्रता नलिएको ।
१०	काठमाडौँ-निजगढ द्रुत मार्ग निर्माणका सम्बन्धमा समितिले दिएको निर्देशनका सम्बन्धमा	• काठमाडौँ-निजगढ द्रुत मार्ग निर्माणको लागि सरकारको उच्चस्तरमा पहिलो प्राथमिकतामा राखेर छलफल भई रहेको, यसको अंगको रुपमा रहेको बुधुने-हेटौँडा द्रुतमार्ग निर्माणको लागि रु. १० अर्व बजेट बिनियोजन भई आयोजना कार्यालयको स्थापना गर्ने गरी निर्माण प्रक्रिया अगाडि बढाइएको ।	अझै सम्म पनि सडक निर्माणको खाका स्पष्ट नभएको सरकार लगानीको लागि स्पष्ट भैनसकेको ।
११	कालिगण्डकी करिडोर र जाजरकोट डोल्पा (दुनै) मैलुङ्ग-स्याफ्रुबेसी सडक खण्डको ट्र्याक खोल्ने तथा पासाङ्गलामु राजमार्गको राम्चे मूलखर्क सडकको स्तरोन्नति गर्ने/निर्माण गर्न समितिले दिएको निर्देशनका सम्बन्धमा	• यी सडक खण्डहरुको निर्माण कार्य सम्पन्न गराउनको लागि समितिको निर्देशन, छलफल, पहल, स्थलगत अवलोकन, भ्रमण तथा प्रतिवेदन आदि पश्चात उक्त सडक खण्ड निर्माण गर्ने कार्य प्रभावकारी रुपमा सम्पादन भइरहेको भनिएको ।	कामले तिव्रता नपाएको ।
१२	सडकहरुको निर्माण गर्दा Right of Way Clear गर्ने सम्बन्धमा दिइएको निर्देशनका सम्बन्धमा	• Right of Way स्पष्ट गर्ने सम्बन्धमा स्पष्ट Guideline तयार नभएको • आवश्यक परे कानुन परिमार्जन गर्न भनिएकोमा सो समेत हुन नसकेको ।	प्रस्तुत निर्देशनका सम्बन्धमा सुनवाई नै नभएको ।
१३	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति सम्बन्धमा	• निजगढ अनतर्राष्ट्रिय विमानस्थल निर्माणको प्रभावकारी कार्यले केही गति लिएको, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गर्ने कार्य योजना सहित कार्यान्वयन गरिएको भन्ने जानकारी प्राप्त भएको ।	अपेक्षित कार्य सम्पादन हुन नसकेको ।

१४	विकास निर्माणका लागि आवश्यक कच्चा पदार्थको अभाव हुन नदिने र आवश्यक समन्वयका सम्बन्धमा	• आवश्यक कच्चा पदार्थको उपलब्धतामा केही सुधार भएको, आपसी समन्वयको लागि उच्चस्तरीय संयन्त्र गठन भएको भनिएको	अपेक्षित कार्य सम्पादन हुन नसकेको ।
१५	जग्गा प्राप्ती, मुआब्जा, वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा	• वातावरणीय प्रभाव मूल्यांकनलाई छिटो छरितो प्रक्रियामा लगिएको, राष्ट्रिय प्राथमिकता प्राप्त केही आयोजनाहरुको जग्गा प्राप्ती र मुआब्जा वितरण गर्ने कार्यलाई प्रक्रियामा लगेको देखिएको ।	नीतिगत रुपमा केही सुधार भएता पनि व्यवहारिक रुपमा प्रभावकारी अझै हुन नसकेको ।
१६	सहरी सार्वजनिक यातायात तथा प्रदुषण व्यवस्थापन सम्बन्धमा एवं आफ्नो देशमा उत्पादन नहुने इन्धनलाई मितव्ययी प्रयोग गर्न, उपत्यकाभित्र Mas Transportation गर्ने Vehicle हरु चलाउने सम्बन्धमा, बिजुलीबाट चल्ने सार्वजनिक यातायातलाई Root Permit दिने व्यवस्था मिलाउने सम्बन्धमा	• समितिले बारम्बार घचेघच्याइ रहेको, सरकारी प्रतिवद्धता रहेको ।	कुनै पनि कामै नभएको ।
१७	सडक सुरक्षा र दुर्घटना न्यूनिकरण सम्बन्धमा	• ऐन संशोधन भएको, अति जरुरी सार्वजनिक महत्वको संसदीय प्रस्ताव पारित गरिएको, Traffic Furnishing गर्ने कार्य केही अगाडि बढेको ।	आम नागरिकले अनुभूत गर्न सक्नेगरी कार्य सम्पादन हुन नसकेको ।

५.२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग सम्बन्धित निर्देशनहरु

सि.नं	निर्देशन तथा निर्णयहरु	कार्यान्वयनको अवस्था	कार्यान्वयनको मूल्यांकन
१	स्थानीय स्तरमा विकास निर्माणका कार्यक्रमहरु ठेक्कापट्टा, टेन्डर प्रक्रियाको ढिलाईमा देखिएको समस्या समाधान गर्न दिएको निर्देशनका सम्बन्धमा	• स्थानीय स्तरमा हुने ठूला आयोजनाहरु बहुबर्षीय ठेक्कापट्टा गर्ने र साना आयोजनाहरुको वार्षिक ठेक्का नियमित रुपमा सञ्चालन हुने कार्यक्रमको थालनी भएको ।	स्थानीय स्तरका आयोजना छनौटहरुमा स्थानीय निकायबाट निर्णय भई छनौट हुनेमा समस्या रहेको
२	हाल घोषणा भएका नगरपालिकाहरुसहित सम्पूर्ण स्थानीय निकायमा सेवाको प्रभावकारिता सहित विकासलाई तिब्रता दिन समितिबाट भएका निर्देशनका सम्बन्धमा	• नव गठित नगरपालिकाहरुको कार्यालय स्थापना गरी दरबन्दी खाका स्वीकृत भई सेवा प्रवाह भईसकेको • नगरपालिकाहरुलाई स्थानीय तहको सेवाप्रदायकको रुपमा स्थापित हुन लाइन एजेन्सिका सेवाहरु बिस्तारका लागि प्रशासन सुधार अनुगमन समितिसँग छलफल एवं समन्वय गरी कार्य आगाडिबढाउने प्रक्रिया थालनी भएको ।	नगरपालिकामा उपलब्ध हुने पूर्वाधार तथा सेवा सुविधाको पर्याप्तता हुन नसकेको ।
३	स्थानीय स्तरका सडकको निर्माणमा देखिएका समस्या विशेष गरी रणनीतिक सडक SRN (Strategic Road Network) र स्थानीय सडक सञ्जाल (Local Road Netowrk) निर्माणमा नीतिगत, कार्यक्षेत्रगत र मापदण्डगत सम्बन्धित विवाद समाधान गरी विकास निर्माण प्रक्रिया अगाडि बढाउन समितिले दिएका निर्देशन सम्बन्धमा	यसका सम्बन्धमा निम्नलिखित निर्णयभई कार्यप्रक्रिया अगाडि बडेको : • LRN मा पर्ने सडक पुलहरु डोलिडारमा हस्तान्तरण गरी निर्माण कार्य अगाडि बढेको । • स्थानीय, सडक, पुलहरुको प्राविधिक सुधार गरी गुणस्तरीय कार्य गर्न सडक विभागका माहानिर्देशकको संयोजकत्वमा डोलिडारको महानिर्देशकसमेत सदस्य रहेको सहजिकरण समिति गठन भई विवाद निरुपण गरी कार्य अगाडि बढाउने कार्य भइ सकेको । • सडक, पुल लगायत विभिन्न भौतिक पूर्वाधार निर्माणको लागि सडक विभाग र डोलिडारको क्षमता अभिवृद्धि गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गरी कार्यप्रक्रिया अगाडि बढाउने कार्यको थालनी भएको ।	प्रभावकारी रुपमा कार्य सम्पादन अझै हुन नसकेको । कुराकानी, छलफल धेरै काम थोरै भएको ।

४	हाल स्थानीय स्तरमा सञ्चालनमा रहेका आयु सकिन लागेका पुलहरुको पहिचान गरी स्तरोन्नति वा पुनर्निर्माण गर्न समितिले दिएको निर्देशनका सम्बन्धमा	• जिविसमा मर्मत सम्भार कोषको व्यवस्था गरी सालवसाली रुपमा मर्मत सम्भार स्थानीय निकायबाटै हुने व्यवस्था मिलाइएको र स्थानीय तहको वार्षिक योजना तर्जुमा गर्दा मर्मत सम्भार गर्नु पर्ने विषय पनि समावेश हुने गरेको ।	लिन नसकेको ।
५	स्थानीय स्तरमा सेवा प्रवाहलाई सहज, सरल र प्रभावकारी बनाउन र स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग अन्तरर्गतको विकास निर्माणको कार्यलाई तीव्रताका साथ अगाडि बढाउन, अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन र स्थानीय स्तरमा कर्मचारीहरुको अभाव हुन नदिन समितिले दिएका निर्देशनका सम्बन्धमा	• स्थानीय विकास अधिकारी र नगरपालिकाका कार्यकारी अधिकृतसँग कार्यसम्पादन कारार गरी कार्य अगाडि बढाइएको । • सबै स्थानीय निकायहरुमा न्यूनतम शर्त कार्य सम्पादन मापन (MCPM) को माध्यमबाट स्थानीय निकायहरुमा दण्ड र प्रोत्साहनको व्यवस्था गरिएको । • सबै स्थानीय निकायहरुमा नागरिक बडापत्र कार्यान्वयनमा रहेको । • मन्त्रालयको वार्षिक कार्यतालिका बनाई स्थानीय निकायको सघन अनुगमन गर्न १४ अञ्चलमा १/१ जना सहसचिवको नेत्रित्वमा टोली गठन गरी खटाउने व्यवस्था भएको । • स्थानीय निकायका जनसरोकारका विषयहरुमा सार्वजनिक सुनवाई, सार्वजनिक लेखा परीक्षण, सामाजिक लेखा परीक्षण, आवधिक रुपमा समीक्षा, गुनासो सुनवाईको व्यवस्था, लगायतका व्यवस्था भएको । • सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन स्थानीय निकायमा Information Board को थालनी गरिएको, आर्थिक पारदर्शिताको लागि वित्तीय सूचना प्रणालीको आधारमा लेखा व्यवस्थापन गर्ने कार्य थालनी भएको । • स्थानीय निकायमा कर्मचारी (गाविस सचिव)को अभाव हुन नदिन जिल्ला प्रशासन कार्यालय र क्षेत्रिय प्रशासन कार्यालयलाई सरुवा गरी पदपूर्ति गर्ने अधिकार प्रत्यायोजन भएको । • गाविस सचिवहरुको मनोवल उच्च राख्न र तिनीहरुलाई Retain गरिराख्न प्रत्येक गाविस सचिवलाई मोटरसाइकल र आवश्यक इन्धन	केही काम भए तापनि कामले तिव्रता लिन नसकेको । कर्मचारीको अभाव अझै पनि रहेको

		उपलब्ध गराउने व्यवस्था भएको र प्रोत्साहन स्वरुप तलबको ५० प्रतिशत प्रोत्साहन भत्ता समेत उपलब्ध गराउने कार्य भइसकेको ।	
६	स्थनीय स्तरको विकास निर्माणका कार्यक्रमहरु सञ्चालन हुन जिल्ला परिषद्मा छलफल गरी छनोट गर्ने र कार्यक्रमहरुको स्वीकृती जिल्ला विकास समितिबाटै अनिवार्य रुपमा गर्न समितिले दिएका निर्देशनहरुका सम्बन्धमा	• ५० लाख सम्मका योजनालाई जिल्लास्तरीय योजनामा वर्गीकरण गरिएको र जिल्ला स्तरीय कार्यक्रमको सिलिङ जिल्ला विकास समितिमा पठाउने गरिएको । सिलिङ बमोजिमको कार्य जिल्ला परिषद्बाट स्वीकृत गराई अख्तियारी जिविस मार्फत स्थानीय निकायमा पठाउने व्यवस्था मिलाइएको, स्थानीय निकायका विकास निर्माण कार्यलाई Bottom up Planning Process अवलम्वन गरी वार्षिक योजना छनोट गर्ने कार्य भएको ।	जिल्ला स्तरीय विकास कार्यक्रम भाग-२ को विषयमा अन्योलता रहेको ।
७	स्थानीय निकायको निर्वाचनको कार्य सम्पादन गर्न प्रवन्धकीय एवं अन्य आवश्यक व्यवस्थापन गरी तयारी अवस्थामा बस्न समितिले दिएका निर्देशनहरुका सम्बन्धमा	• यस सम्बन्धमा जिल्लास्थित प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी मार्फत आवश्यक समन्वय गर्ने कार्य भएको । • संघीय संरचनाबमोजिम सुधार र परिमार्जन गर्नु पर्ने कामहरु भइरहेको । स्थानीय निकायको पुर्नसंरचना गर्ने सम्बन्धमा गाउँ पालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या निर्धारण आयोगले प्रतिवेदन बुझाउने तयारी अवस्थामा रहेको । • स्थानीय निकायको सचिवहरुको पदपूर्ति गर्न लोकसेवा आयोगमा माग आकृति फारम भरी पठाइ सकिएको ।	संघीय संरचना अनुसार निर्वाचन कार्यक्रम तय हुन बाँकी रहेको ।

५.३. सूचना तथा सञ्चार मन्त्रालयसँग सम्बन्धित निर्देशनहरु

सि.नं	निर्देशन तथा निर्णयहरु	कार्यान्वयनको अवस्था	कार्यान्वयनको मूल्यांकन
१	दूरसञ्चार र इन्टरनेट सेवालाई गुणस्तरीय बनाउन समितिले दिएको निर्देशनका सम्बन्धमा	• काठमाडौँ उपत्यका र उपमहानगर पालिका क्षेत्रमा 4G सेवा सञ्चालनको तयारी भैरहेको र ग्रमीणस्तर सम्म सर्वसुलभ र गुणस्तरीय सूचनाको पहुँच अभिवृद्धि गर्न दूर सञ्चारका टावरहरु विस्तार गर्ने कार्य तिब्ररुपमा अगाडि बढाइएको ।	गुणस्तरीय सेवा उपलब्ध हुन नसकेको ।

२	मध्यपहाडि तथा हुलाकी राजमार्गमा अप्टिकल फाइबर विस्तार गर्ने कायृ तत्काल गर्ने कार्य सम्बन्धी समितिले दिएको निर्देशनका सम्बन्धमा	• हुलाकी राजमार्ग र मध्यपहाडि राजमार्ग विस्तार गरी यसै आर्थिक वर्षभित्र ७२ वटा जिल्ला सदरमुकामहरुमा तिब्रगतिको इन्टरनेट सेवा पुऱ्याइने कार्यको थालनी भएको, अप्टिकल फाइबर पुऱ्याउन कठिन हुने दुर्गम क्षेत्रमा Microwave Transmission सेवा मार्फत इन्टरनेट सुविधा पुऱ्याइने कार्यको थालनी भएको ।	ग्रामीण दूर सञ्चार कोषको पूर्ण रुपमा परिचालन हुन नसकेको ।
३	सूचनाको हकलाई सर्वसुलभ र सञ्चार माध्यमहरुबाट प्रकासित सूचनाहरुलाई यथार्थ परक बनाउने सम्बन्धमा समितिले दिएको निर्देशनका सम्बन्धमा	• राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकको कार्यान्वयन र आम सञ्चार माध्यमबाट प्रकासित सूचनाको हक सम्बन्धी विषयबस्तुको परीक्षण गर्ने व्यवस्था समेत थालनी गरेको ।	परीक्षण गर्ने व्यवस्था अझै हुन नसकेको आम सञ्चार माध्यमबाट प्रसारित हुने विषयहरु यथार्थपरक कमै देखिएको ।
४	नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थान आदिबाट प्रसारित हुने समाचारको गुणस्तरीयता अभिवृद्धि गर्ने सम्बन्धमा समितिले दिएको निर्देशनका सम्बन्धमा	• नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थानलाई व्यवसायिक र आत्मनिर्भर बनाउन संगठनात्मक सुधार गरिने कार्य यसै आ.व.को बार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत थालनी भएको ।	व्यवसायिकतामा अभिवृद्धि नभएको, आत्मनिर्भर हुन नसकेको, प्रतिस्पर्धी क्षमतामा कमी रहेको ।
५	हुलाक सेवाबाट सञ्चालन गरिने कार्यक्रमको प्रभावकारिता, गुणस्तरीयता यसको भूमिका अभिवृद्धि गरी हुलाक सेवाको पुर्नसंरचना गर्न दिएको निर्देशनका सम्बन्धमा	• हुलाक सेवालाई पुर्नसंरचना गरी स्थानीय निकाय मार्फत सञ्चालन गरिने व्यवस्था थालनी भएको, सार्वजनिक सेवाका भुक्तानिहरु हुलाक मार्फत हुने बचत बैंकिङ्ग सेवालाई ABBS प्रणालीमा लैजाने कार्य अघि बढेको ।	हुलाकसेवालाई आधुनिकरण गर्न नसकेको ।
६	स्रष्टा कलाकारहरुबाट सृजित कलाको रोयल्टी वितरण गर्ने सम्बन्धमा	• स्रष्टा कलाकारहरुले प्राप्त गर्नुपर्ने रोयल्टी प्रयोग कर्ताहरुबाट उठाइ त्यसको योगदान अनुसार कलाकारहरुलाई वितरण गर्ने कार्य समितिको बारम्बारको पहल तथा निर्देशनबाट सुरु भएको ।	प्रक्रिया र संरचनामा अझ केही जटिलता देखिएको ।
७	श्रमजीवि पत्रकारहरुको न्यूनतम	• पत्रकारहरुको न्यूनतम पारिश्रमिक नेपाल सरकारबाट तोकिसकेको	श्रमजीवि पत्रकारहरुको पारिश्रमिक

	पारिश्रमिक तोक्न समितिले दिएको निर्देशनका सम्बन्धमा, Telecommunication Service Provider को Interconnection का सम्बन्धमा	र यसलाई प्रभावकारी रुपमा लागू गर्ने सम्बन्धमा पुनः समितिले बैठक बसी निर्देशन दिने कार्य भएको । • सूचना तथा सञ्चार क्षेत्रको सुधारका लागि समितिले विभिन्न समयमा दिएका निर्देशनहरु जस्तै Interconnectivity, Wireless प्रविधि, सञ्चारक्षेत्रमा आउने वर्गिकृत विज्ञान र यसको सर्वाङ्गिण क्षेत्रको सुधार र विकासका लागि पहल गर्न समिति तथा सूचना तथा सञ्चार मन्त्रालय र सो सँग आवद्ध संस्थाहरु NTA, NTC र NCELL समेतको सहभागिता गराई समितिले दिएका थप निर्देशनहरु कार्यान्वयन प्रक्रियामा अगाडि बढाइएको भनिएको ।	पूर्णरुपमा लागू गर्न समस्या देखिएको । Interconnection मा समस्या रहेको
८	ग्रामीण दूरसञ्चार कोषको रकम प्रयोग गरी प्रत्येक गाविस, विद्यालय, अस्पतालमा १ वर्षभित्र प्रभावकारी क्ष्लतभचलभत सेवा पुऱ्याउने सम्बन्धमा	• मन्त्रालय तथा NTA तथा Telecommunication Service Provider हरु बाट प्रतिवद्धता जनाइएको	खासै काम हुन नसकेको । प्रतिवद्धता प्रतिवद्धतामै सीमित रहेको ।
९	Telecommunication को पूर्वाधारलाई भूकम्पमैत्री, भूकम्प प्रतिरोधी BTS Tower हरुमा Battery Backup प्रणालीलार्य सुदृढीकरण, गुणस्तरीय सेवा उपभोग आदिका सम्बन्धमा	• Telecommunication Sector को अबबन्ने पूर्वाधारहरु भूकम्पमैत्री बनाइने प्रतिवद्धताहरु प्राप्त भएका, • BTS Tower को Battery Back up System सुधिएको पाइएको, • क्रमिकरुपमा गुणस्तरीय सेवा उपलब्ध गराउने सम्बन्धमा सेबा प्रदायकबाट बारम्बार प्रतिवद्धता जनाएको ।	गुणस्तरीय सेवाको उपभोगमा अझै धेरै समस्या रहेको ।

५.४. माथि उल्लेखित मन्त्रालयका साथै अन्य मन्त्रालय तथा निकायसँग सम्बन्धित निर्देशनहरु

सि.नं	निर्देशन तथा निर्णयहरु	कार्यान्वयनको अवस्था	कार्यान्वयनको मूल्यांकन
१	प्राथमिकता प्राप्त आयोजनाहरुको समयमा कर्यान्वयन गर्न वातावरणीय मूल्याङ्कन परीक्षण कार्यलाई प्रभावकारी र छिटो छरितो बनाउने सम्बन्धमा	• प्रथमिकता प्राप्त आयोजना र महत्वपूर्ण आयोजनाहरुको कार्यान्वयन समयमा सम्पन्न गर्नको लागि वातावरण परीक्षण गर्ने कार्यलाई ७५ दिनबाट घटाएर करिव ४१ दिनभित्र गरिसक्ने व्यवस्था लागू भएको ।	विभिन्न निकायहरु बिच समन्वय कार्य प्रभावकारी हुन नसकेको

२	प्राथमिकता प्राप्त आयोजनाहरुको समयमा कर्यान्वयन गर्न वातावरणीय मूल्याङ्कन परीक्षण कार्यलाई प्रभावकारी र छिटो छरितो बनाउने सम्बन्धमा	• भूकम्प प्रभावितहरुको राहत, उद्धार, पुर्ननिर्माण तथा पुर्नस्थापना गर्ने कार्य अगाडि बढी रहेको । यसलाई प्रभावकारी बनाउने सम्बन्धमा हाल राष्ट्रिय बहसको विषय बनी उच्च प्राथमिकताका साथ निर्माण कार्य अगाडि बढेको ।	• पुन निर्माणको कार्य प्रभावकारी हुन नसकेको । • वातावरणीय प्रभाव मूल्यांकन कार्य छिटो छरितो हुन नसकेको ।
३	प्राथमिकता प्राप्त आयोजनाहरुमा बजेट अभाव हुन नदिन र आयोजनाको वर्गीकरण समितिले गरेको निर्देशनका सम्बन्धमा	• प्राथमिकता प्राप्त आयोजनामा बजेट अभाव हुन नदिने सम्बन्धमा र बजेट निकासा पनि समयमा सम्पन्न गर्नको लागि बहुवर्षीय ठेक्का लगाउने व्यवस्था थालनी भएको र भाग २ लाई स्थनीय स्तरबाट निकाल्नको लागि योजना आयोगबाट भाग २ ननिकाल्ने कार्यको थालनी भएको । • समितिले आयोजना समयमा सम्पन्न गराउन विभिन्न निकायहरुलाई समितिम आमन्त्रण गरी एक आपसमा समन्वय गराउने भूमिका निर्वाह गर्ने काम गरेको, राष्ट्रिय महत्वका आयोजनाहरु समयमा सम्पन्न गराउनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री संयोजक र सम्बन्धित सरोकारवाला निकाय सदस्य रहने एक उच्चस्तरीय आयोजना अनुगमन कक्ष समेत स्थापना गरी कार्य प्रारम्भ गर्न समितिले दिएको निर्देशन कार्यान्वयनमा आएको ।	भाग -२ स्थानीय तहबाट नभई मन्त्रालयबाट छनौट हुने गरेको । सम्माननीय प्रधानमन्त्रीको पर्याप्त समय अभावले अनुगमन कक्षबाट सम्पादन हुने कार्य प्रभावकारी रुपमा अगाडि बढ्न अझै नसकेको ।
४	उत्थानशील नीति बनाउन दिएको निर्देशनका सम्बन्धमा		सुरुवातै नभएको ।
५	विकासमैत्री कानुन निर्माण तथा विद्यमान कानुनहरुको संशोधन गर्न दिएका निर्देशनका सम्बन्धमा	सार्वजनिक खरिद ऐनमा संशोधन भएको ।	अन्य प्रगति खासै नभएको ।
६	मेलम्ची खानेपानी आयोजना समयभित्रै पूरा गर्ने सम्बन्धमा	• समितिको निर्देशन पश्चात कार्य प्रगति संतोषजनक नै रहेको, • पाइप विस्तार कार्यले थप तिब्रता पाएको ।	अपेक्षा अनुसार संतोष गर्ने ठाउँ भने नरहेको ।
७	• भूकम्प पश्चात्को पुनर्निर्माणको सम्बन्धमा • पुनर्निर्माणको लागि सरकारी तवर मै प्रभावित जिल्लाहरुमा Material Bank स्थापना गर्ने	• पहिलो किस्ताको रकम बाड्ने कार्यले तिब्रता लिएको देखिएता पनि पुनर्निर्माण सम्बन्धी कामले गति लिन नसकेको, • मुल्यमा एकरुपता कायम गरी सहज र सुलभ रुपमा निर्माण सामग्री उपलब्ध गराउन Material Bank खोल्न भनिएकोमा सो काम नभएको ।	अपेक्षा अनुसार गति लिन नसकेको ।

	सम्बन्धमा		
८	• आयोजना बैंक बनाई प्राथमिकता तोकी कार्यान्वयन गर्दै जान दिएको निर्देशन सम्बन्धमा • विकास बजेट फ्रिज भइरहेको अवस्था सम्बन्धमा • Need Assessment वैज्ञानिक हुन नसकेको सम्बन्धमा • पूर्वाधार विकासको Minimum Standard स्पष्ट पार्न दिएको निर्देशनका सम्बन्धमा • आयोजना परियोजनाहरु Cost effective बनाउने सम्बन्धमा • खरिद योजनाको अभाव सम्बन्धमा	• लगानी बोर्ड तथा राष्ट्रिय योजना आयोगले हालसम्म आयोजना बैंकको अवधारणा अनुसार काम गर्न नसकेको । • भौतिक पूर्वाधारको कामले गतिलिन नसकेको यद्यपी हरेक आर्थिक वर्षमा विकास बजेट फ्रिज भइरहेको, यसबाट सरकारको खर्च गर्ने क्षमतामाथि नै प्रश्नचिन्ह उठ्ने गरेको । • देशको आवश्यकताको आधारमा परियोजना छनोट तथा प्राथमिकिकरण हुन नसकेको । • हाम्रो भौतिक पूर्वाधारहरुको न्यूनतम मापदण्ड के हुने भन्ने स्पष्ट गाइडलाइन नभएको, भए गरेका कामहरुको गुणस्तर समेत न्यूनकोटीको रहको । • पूर्व तयारी बिना नै परियोजनाहरु कार्यान्यनमा लैजाने, पाँच वर्षलाग्ने परियोजनालाई १५ वर्ष लगाउने जस्ता कुराले हाल कार्यान्वयनमा रहेका परियोजनाहरु Cost Effective भएको नदेखिएको । साथै यस्तो धिमागतिले गरिने विकासले हाम्रो विकासको गति कस्तो छ स्पष्ट पारेको । • आयोजना/परियोनाहरु सम्पन्न गर्ने भनेको बजारबाट बस्तु तथा सेवा खरिद गरे जस्तै सहज खरिद योजनाको रुपमा काम गर्ने अवस्था नरहेको ।	उल्लेखित विषयहरुमा सुधारका लक्षणहरु केही पनि देखिएको ।

व्यवस्थापिका-संसद
विकास समिति
माननीय सदस्यहरुको नामावली

क्र.सं.	पदेन सदस्यहरु	सम्बन्धित मन्त्रालय
१.	सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल (प्रचण्ड)	प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
२.	मा० मन्त्री रमेश लेखक	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
३.	मा० मन्त्री हितराज पाण्डे	सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
४.	मा० मन्त्री सुरेन्द्र कुमार कार्की	सूचना तथा सञ्चार मन्त्रालय

सभापति मा. रविन्द्र अधिकारी

क्र.सं.	सदस्यहरु	राजनैतिक दल/स्वतन्त्र
१.	मा० अतहर कमाल मुसलमान	स्वतन्त्र
२.	मा० अनिता देवकोटा	नेपाली कांग्रेस
३.	मा० अमर सिंह पुन	नेपाली कांग्रेस
४.	मा० अमृत कुमार अर्याल	नेपाली कांग्रेस
५.	मा० आङटावा शेर्पा	नेपाली कांग्रेस
६.	मा० इश्तियाक अहमद खान	रा.प्र.पा.
७.	मा० कर्ण बहादुर वि.क.	एकीकृत ने.क.पा. (माओवादी)
८.	मा० कमलेश्वर पूरी गोस्वामी	तराई-मधेश लोकतान्त्रिक पार्टी
९.	मा० कल्पना चौधरी	म.ज.अ.फोरम, नेपाल (लोकतान्त्रिक)
१०	मा० कल्पना सोब	नेपाली कांग्रेस
११.	मा० कुमार खड्का	अखण्ड नेपाल पार्टी
१२.	मा० गणेश कुमार पहाडी	ने.क.पा. (ए.मा.ले)
१३.	मा० गणेश सिंह ठगुन्ना	ने.क.पा. (ए.मा.ले)
१४.	मा० गुरु प्रसाद बुर्लाकोटी	ने.क.पा. (ए.मा.ले)
१५.	मा० चिनकाजी श्रेष्ठ	नेपाली कांग्रेस
१६.	मा० जनार्दन ढकाल	ने.क.पा. (ए.मा.ले)
१७.	मा० जानकी कुमारी साउद रावल	एकीकृत ने.क.पा. (माओवादी)
१८.	मा० टोपबहादुर रायमाझी	एकीकृत ने.क.पा. (माओवादी)
१९.	मा० तुलसा राना	एकीकृत ने.क.पा. (माओवादी)
२०.	मा० दिनेश प्रसाद साह	राष्ट्रिय मधेश समाजवादी पार्टी
२१.	मा० धन बहादुर घले	ने.क.पा. (ए.मा.ले)
२२.	मा० भक्त बहादुर विश्वकर्मा (खपाङ्गी)	रा.प्र.पा. (नेपाल)
२३.	मा० प्रकाश शर्मा पौडेल	नेपाली कांग्रेस
२४.	मा० पेम बहादुर आले	ने.क.पा. (ए.मा.ले)
२५.	मा० बल देव बोहरा	नेपाली कांग्रेस
२६.	मा० बहादुर सिंह थापा	नेपाली कांग्रेस
२७.	मा० महिन लिम्बु	ने.क.पा. (ए.मा.ले)

२८.	मा० महेन्द्र यादव	नेपाली कांग्रेस
२९.	मा० मोहन बानियाँ	ने.क.पा. (ए.मा.ले)
३०.	मा० मोहम्मद जाकिर हुसैन	एकीकृत ने.क.पा. (माओवादी)
३१.	मा० यज्ञ बहादुर थापा नेपाली	कांग्रेस
३२.	मा० रन्जना कुमारी सरकार	ने.क.पा. (ए.मा.ले)
३३.	मा० रविन कोइराला	ने.क.पा. (ए.मा.ले)
३४.	मा० राजेन्द्र अमात्य	नेपाली कांग्रेस
३५.	मा० राजेश्वरी देवी	रा.प्र.पा. (नेपाल)
३६.	मा० रामअयोध्या प्रसाद यादव	नेपाली कांग्रेस
३७..	मा० राम कुमार भट्टराई	ने.क.पा. (ए.मा.ले)
३८.	मा० राम कृष्ण घिमिरे नेपाली	नेपाली कांग्रेस
३९.	मा० राम कुमार राई	खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल
४०.	मा० राम चन्द्र पोखरेल	नेपाली कांग्रेस
४१.	मा० ललित जंग शाही	नेपाली कांग्रेस
४२.	मा० लाल बहादुर गुरुङ	एकीकृत ने.क.पा. (माओवादी)
४३.	मा० वैजनाथ चौधरी थारु	ने.क.पा. (ए.मा.ले)
४४.	मा० शान्ता मानवी	ने.क.पा. (ए.मा.ले)
४५.	मा० शिव चन्द्र चौधरी	ने.क.पा. (मा.ले)
४६.	मा० डा० शिवजी यादव	मधेशी जनअधिकार फोरम, नेपाल
४७.	मा० शैल कुमारी देवी	सद्भावना पार्टी
४८.	मा० सन्त कुमार थारु	एकीकृत ने.क.पा. (माओवादी)
४९.	मा० सिता गिरी (ओली)	ने.क.पा. (ए.मा.ले)

समिति सचिवालय कर्मचारीहरु

१.	महासचिव	श्री मनोहरप्रसाद भट्टराई
२.	सचिवालय सचिव	श्री हिमलाल सुवेदी
३.	सचिवालय सचिव	श्री सोमबहादुर थापा
४.	उप-सचिव	श्री एकराम गिरी
५.	शाखा अधिकृत	श्री शिवदत्त बराल
६.	क.अ.	श्री दिपाकुमारी दुलाल
७.	का.स.	श्री काशीराम श्रेष्ठ
८.	का.स.	श्री केशव न्यौपाने

मुद्रण तर्फका कर्मचारीहरु

१.	मुद्रण अधिकृत	श्री जगदीश्वरलाल श्रेष्ठ
२.	सि.प्रे.टे.	श्री गम्भीरमान सिंह
३.	सि.प्रे.टे.	श्री राजेन्द्र प्रसाद लामिछाने
४.	सि.प्रे.टे.	श्री प्रेमबहादुर चन्द
५.	सि.प्रे.टे.	श्री रोबन प्रजापति
६.	प्रेस टेक्निसियन	श्री कृष्णकला पौडेल
७.	प्रेस टेक्निसियन	श्री माधव पौडेल
८.	का.स.	श्री मदन गिरी